महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
कन्चन गाउँपालिका
रुपन्देही

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १३६

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू
कन्चन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रुपन्देही ।

कैफियत सहितको राय

हामीले कन्चन गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. कन्चन गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड ८२ लाख ८९ हजार बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रू.६ लाख ४० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ६ लाख ७९ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ६८ लाख ७० हजार र पेश्की रू.१ लाख रहेको छ ।पालिकाको गतवर्षसम्म रु ८ करोड ५१ लाख बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ११ करोड ३३ लाख ८९ हजार रहेको छ । कन्चन गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. कन्चन गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

कन्चन गाउँपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५६	२६	२८२८९	०	०	०	५६	२६	२८२८९	६४०	१६८७०	१०६७९	०	०	२८१८९	१००

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुपन्देही	८५१००	०	०	८५१००	०	२८२८९	११३३८९

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : कन्चन गाउँपालिका, रुपन्देही , कन्चन गाउँपालिका , रुपन्देही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Krishna Prasad Panthi	२०७७-४-१	
कार्यालय प्रमुख	Lekh Bahadur Basnet	२०७७-५-२३	
लेखा प्रमुख	Santosh Gaire	२०७७-४-१	
		बेरुजु रकम	२८,२८८,८४६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१३,८५,२२,०९२.७९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३९,०४,६५,२२०	चालु खर्च	३१,७२,७७,०९५.७२
प्रदेश सरकारबाट अनुदान	४,७१,६५,०००	पूँजीगत खर्च	२२,६१,८७,२६८
राजश्व बाँडफाँट	६,२२,०२,०३०	वित्तीय/अन्य व्यवस्था	१३,४३,७३,८५१.६४
आन्तरिक आय	२,८०,१०,२११		
अन्य आय	१५,१८,०७,०३८.७३		
कुल आय	६७,९६,४९,४९९.७३	कुल खर्च	६७,७८,३८,२१५.३६
बाँकी मौज्दात		१४,०३,३३,३७७.१६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** **परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत 5 वडा, २९ सभा सदस्य, 58.51 वर्ग किलोमिटर क्षेत्रफल तथा 33 हजार जनसंख्या रहेको छ ।	
२			**स्थानीय संचित कोष** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान र सहायता आन्तरिक आम्दानी र स्थानीय सरकारबाट संचालन भएको आयोजनाहरु समेतको आयव्यय हिसावको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम छ ।	

आ.व. २०७7.78को एकिकृत आर्थिक विवरण							
क.ग.४.१ सञ्चित कोष खाता							
सि.न.	आम्दानीविवरण		कैफियत		खर्चविवरण		कैफियत
	शिर्षक	रकमरु		सि.न.	शिर्षक	रकमरु.	
१	गतबर्षको बैंक अल्या	138522092.79		१	चालुखर्च (खातामा काटेको चेक अनुसार)	317277095.72	
२	नेपालसरकार समानिकरण अनुदान	116700000		२	पुजिगतखर्च (खातामा काटेको चेक अनुसार)	226187268.00	
३	नेपालसरकार ससर्त अनुदान	247565220.00		३	स्थानियपुर्वाधार विकास साझेदारी कार्यक्रम	15835006.00	
४	नेपालसरकार समपुरक अनुदान	7200000.00		४	कोरोनारोग नियन्त्रण कोष	8160945.64	
५	नेपालसरकार विशेष अनुदान	19000000.00		५	सामाजिकसुरक्षा भत्ता खर्च	95425391.00	
६	सामाजिक सुरक्षा भत्ता	103385048.00		६	सामाजिकसुरक्षा भत्ता फिर्ता	7959657	
७	समानीकरणअनुदान प्रदेश ५ सरकार	5254000.00		७	मूलकोषखातामा बैंकं मौज्दात	140333377.16	
८	सशर्तअनुदान प्रदेश ५	14850000.00		८	धरौटिबापतको रकम भुक्तानी तथा	6992852.00	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय										बेरुजु रकम
					सरकार				जिम्मेवारी सृजना भएको				
				९	विशेषअनुदान प्रदेश ५ सरकार	7000000.00							
				१०	समपुरकअनुदान प्रदेश ५ सरकार (गत आ.व.को)	8811000.00							
				११	समपुरकअनुदान प्रदेश ५ सरकार (यो आ.व.को)	11250000.00							
				१२	नेपालसरकार राजस्व बाँडफाँड	62202030.81							
				१३	आन्तरिकराजश्व (सवारी राजश्व बाँडफाँड लुम्बिनी प्रदेश समेत)	28010211.77							
				१४	विविधआम्दानी	11048238.05							
				१५	संचितकोषमा प्राप्त विविध आम्दानी	6384947.46							
				१६	स्थानियपुर्वाधार विकास साझेदारी कार्यक्रम	15835006.00							
				१७	कोरोनारोग नियन्त्रण कोष	8160945.64							
				१८	धरौटिरकम	6992852.00							
					जम्माः	**818171592.52**		**जम्मा**		**818171592.52**			
३			**छलफलको व्यहोरा** लेखापरीक्षणमा पेश भएको स्रेस्ता तथा आर्थिक कारोबारहरूको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरू उपर मिति २०७८।११।... मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरू निम्न अनुसार छन् :										
४			**वित्तीय विवरण परिक्षण**										

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४.१			आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको पूँजीगत खर्चको वरणअनुसार बार्षिक रु.२४ करोड ९६ लाख ४७ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.४ करोड ३६ लाख ३९ हजार अर्थात १८.०६ प्रतिशत, दोश्रो चौमासिकमा रु.८ करोड ८ लाख १३ हजारअर्थात ३२.१२ प्रतिशत र तेश्रो चौमासिकमा रु.११ करोड ७१ लाख ४३ हजार मात्र अर्थात ४८.४८ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.७ करोड ६५ लाख ७४ हजार अर्थात ३१.६९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।	
४.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना नभएको पाइयो । कोषको संचालन सम्बन्धी पालिकाबाट ऐन कानूनको व्यवस्था गरि अवकाश कोष स्थापना गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४.३			वित्तीय विवरण–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छ । स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरूको गोश्वरा भौचर बजेट शीर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरूको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको अवस्था छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन ।	
५			**आन्तरिक नियन्त्रण प्रणाली**	
५.१			आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरू गठन गरेको पाइएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन । • साना तथा ठुला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ । • अधिकांश सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ । • जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्वन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.२			सूचना प्रविधी पद्वतिः सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control) Developer सँग नै रहेको, प्रवेश नियन्त्रण (access control) अन्तिम रुपमा कार्यालयको आई.टी शाखामा मात्र रहेको पाईयो । कार्यालयले आन्तरिक नियन्त्रण कायम हुने गरी राजश्व सम्वन्धी अवस्थाको प्रवेश नियन्त्रण (access control) राजश्व संकलन गर्ने व्यक्ति, लेखा राख्ने व्यक्ति र कार्यालय प्रमुख समेतमा रहने गरी विकास गरिनु पर्दछ । कार्यालयको सफ्टवेयर संचालन सम्बन्धी समग्र अवस्था निम्नानुसार रहेको छः • कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, • सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, • सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, • सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । कार्यालयले सूचना प्रविधी नियन्त्रण वातावरणमा आन्तरिक नियन्त्रण कायम गरी स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी राजश्व तथा अभिलेख व्यवस्थापन गरिनु पर्दछ ।	
५.३			भ्रमण खर्च : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन्. • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.४			बेरुजु अभिलेख: मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ ।	
६			**पदाधिकारी तथा विविध खर्च**	
६.१			पदाधिकारी अन्य सुविधाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.१७५२०००/-, टेलिफोन तथा मोवाइल रु.९५४०००/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.८७६०००/-, समन्वय तथा सहजीकरणमा रु.१५१२०००/-, अतिथि सत्कारमा रु.३७२०००/-, खानेपानी र सरसफाईमा रु.२२४०००/-, र चाडपर्व खर्चमा रु.२६२०००/- समेत रु.६२०८०००/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.६२०८०००/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
६.२			विविध खर्च– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२९४६०००।- खर्च गरेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.३			आर्थिक सहायता– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ९९५०००।-आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
६.४			पारिश्रमिक करः आयकर ऐन २०५८ को दफा ८७ अनुसार पारिश्रमिक आयको पारिश्रमिक करको करयोग्य आयको पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपाध्यक्ष गोमा तरामुको नियमानुसार लाग्ने पारिश्रमिक कर कट्टा नगरेको असुल गर्नुपर्ने रु	६,९००
७			**राजस्व नियन्त्रण**	
७.१			आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपलब्ध गराएको राजश्व सम्बन्धी विवरणमा राजश्व प्राप्त भएको र बैंक दाखिला गरेको मिति नखुलाइएकोले प्राप्त भएको र दाखिला भएको अवधि छुट्याउन सकिदैंन । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्न फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नु पर्ने देखिन्छ । • नगदी प्राप्ती रसिद म.ले.प फाराम नं. १०१ • दैनिक राजश्व /आम्दानी खाता म.ले.प फाराम नं. १०२ • राजश्व /आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४ • राजश्व /आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५ • राजश्व /आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६ • राजश्व /आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७ • राजश्व/ आम्दानीको बैंक नगदी किताब म.ले.प. फा.नं. १०८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७.२			सफ्टवेयरको प्रयोग गरी राजश्व आम्दानी गर्दा रद्ध भएका रसिदहरुको चेक एण्ड व्यालेन्सको लागि एक तह भन्दा माथिबाट सोको निरिक्षण भई गल्ती भएका रसिदहरु पनि एक तह भन्दा माथिबाट नै सच्याउने व्यवस्था मिलाउनुपर्दछ । सफ्टवेयरको साधारण परिक्षणबाट रसिद काट्नेले नै सो गल्ती सच्याई नगदि रसिद रद्ध गर्न मिल्ने देखियो । यसबाट कार्यालयले यथार्थ राजश्व आम्दानी गरेको छ भन्ने सम्बन्धमा आश्वस्थ हुन सकिएन । राजश्व संकलन जस्तो संवेदनशिल विषयमा संकलन गरेको रसिद रद्ध भएमा वा रसिद सच्याईएमा सोको अन्तिम निरीक्षण गरी चेकजाँच गर्न सक्ने गरी कार्यालय प्रमुखले जानकारी पाउने अवस्था देखिएन ।	
७.३			आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । केन्द्रिय अनुदानबाट खर्च: ५०८३४८१७७ | आन्तरिक आय: १६७६५७८३ | आन्तरिक आय प्रतिशत: ३.२ उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
८			**खरिद व्यवस्थापन**	

Table within ७.३:

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५०८३४८१७७	१६७६५७८३	३.२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.१			सवारीसाधन खरिद– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान स्कुटर खरिदमा रु.२३५४००।÷बजेटबाट खर्च गरेको छ ।सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधान उपयोग गर्नु पर्दछ ।	
८.२			माल सामानको गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः - कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्बन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण केन्द्रीय सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्बन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण केन्द्रीय (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । - मालसामान खरिद गरी सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण÷परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्ने गरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेकोले उक्त भुक्तानी नियम सम्मत देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.३			कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ वमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ती गरिएको मालसामान वा प्रदान गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो नभएकोले कार्य स्वीकार प्रतिवेदन पेश गर्नु पर्दछ ।	
८.४			सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । कार्यालयले सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई सुनिश्चित हुने गरी कार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
९			**अनुदान उपयोग**	
९.१			महोत्सव तथा अन्य खर्च– स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष कुल रू. २ लाख धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा खर्च गरेको छ ।	
९.२			अनुदानको अनुगमन – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**पेश्की व्यवस्थापन** पेश्की बाँकीः आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ४७ अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम 52(3) अनुसार कार्यालयले दिएको म्याद ननाघेको तथा म्याद नाघेको पेश्कीको निम्नानुसार विवरण तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	१००,०००

क्र स	पेश्की लिनेको नाम	रकम	कैफियत
१	चक्रपाणी पौडेल	१०००००	म्याद नाघेको
२	कालीगण्डकी निर्माण सेवा	२३००००००	मोविलाइजेशन पेश्की
३	पशुपाञ्जली आर आर जे भि	५३७०००	मोविलाइजेशन पेश्की
४	सि एम।ज्ञानज्योति।सिर्जनशिल जे भि	२५०६००	मोविलाइजेशन पेश्की
५	नव ।सृजनशिल निर्माण कन्स्ट्रक्सन कम्पनी प्रा लि	१५००००००	मोविलाइजेशन पेश्की
६	स्लेट कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा लि	५९००००	मोविलाइजेशन पेश्की
७	खाँची निर्माण सेवा प्रा लि	९८००००	मोविलाइजेशन पेश्की
८	जनक जननी कन्स्ट्रक्सन प्रा लि	१४००००००	मोविलाइजेशन पेश्की
९	प्रगती माध्यमिक विद्यालय	५५४५०००	गत विगत वर्षको पेश्की
१०	सरस्वती माध्यमिक विद्यालय	३६००००	गत विगत वर्षको पेश्की

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**शिक्षक दरबन्दि र पदपूर्ति** पालिकाले उपलब्ध गराएको विवरण अनुसार सार्वजनिक विधालयहरुमा शिक्षकको दरबन्दी निन्म बमोजिम रहेको पाइन्छ । जसमा सबैभन्दा बढी दरबन्दी भएको विधालय हरैया मा वि जसमा शिक्षकको दरबन्दी २८ जना र पदपूर्ती पनि २७ जना रहेको छ भने सबैभन्दा कम दरबन्दी भएको विधालय शक्तिभुमि आ वि रहेको छ जसमा शिक्षकको दरबन्दी १-१ वटा रहेको देखिन्छ । यस सम्बन्धमा पालिकाले दरबन्दी मिलान गरी दरबन्दी नभएको वा दरबन्दी कम भएको विधालयमा दरबन्दी बढाउनका लागि पहल गरी दरबन्दी अनुसार पदपूर्ती गरी पठनपाठनलाई सुचारु गर्न आवश्यक देखिन्छ ।	

सि.नं.	विधालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	विधार्थी संख्या
१	प्रगति मा वि	२१	२१	१५१५
२	दुर्गा मा वि	१०	१०	३८७
३	गजेडी मा वि	१६	१६	६१५
४	हरैया मा वि	२८	२७	१०८९
५	मलावर देवी मा वि	१४	१४	५३०
६	रुद्रपुर मा वि	२०	२०	६८७
७	भैसाही मा वि	१५	१५	३६८
८	सरस्वति मा वि	९	९	४३८
९	लुम्बिनि ज्ञान निकेतन मा वि	१७	१७	८६४
१०	बुद्धभुमि आ वि	४	४	२१३
११	जनज्योति आ वि	९	९	२६९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२</td><td>गौतम बुद्ध आ वि</td><td>९</td><td>९</td><td>३१५</td></tr>
<tr><td>१३</td><td>ज्ञानज्योति आ वि</td><td>६</td><td>६</td><td>२१०</td></tr>
<tr><td>१४</td><td>बालकल्याण आ वि</td><td>५</td><td>५</td><td>१७८</td></tr>
<tr><td>१५</td><td>हिमालय आ वि</td><td>८</td><td>८</td><td>२३१</td></tr>
<tr><td>१६</td><td>ज्ञानोदय आ वि</td><td>८</td><td>८</td><td>२६३</td></tr>
<tr><td>१७</td><td>शिवशक्ति आ वि</td><td>२</td><td>२</td><td>१११</td></tr>
<tr><td>१८</td><td>शान्तिभुमि आ वि</td><td>१</td><td>१</td><td>२०६</td></tr>
<tr><td>१९</td><td>शिसु सदन आ वि</td><td>६</td><td>६</td><td>२३५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>अनुदानको अनुगमन
सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर नगरपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ ।नगरपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**अनुदानको गुणस्तर र सदुपयोग** लेखापरिक्षण प्रतिवेदनः शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ को सि.नं. ९.८ र ९.७ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र ICT Lab, पुस्तकालयका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रु. ६ लाख ५० हजार अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्यप्रगति पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिमका विद्यालयलाई अनुदान दिँदा विद्यालयसँग भएको सम्झौतामा के कति कार्य गर्ने, कुन कुन सामग्री खरीद गर्ने लगायतका विषयहरु उल्लेख नभएकोले तोकिएको कार्यक्रममा खर्च भए नभएको सम्बन्धमा फोटो सहितको अनुगमन प्रतिवेदन तथा लेखापरिक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु	३,२५०,०००

सि.न.	विधालयको नाम	अनुदान शिर्षक	निकासा
1.	श्री जनज्योति आवि	आइसिटि	६५००००
2.	श्री लुम्बिनि ज्ञाननिकेतन मावि	आइसिटि	६५००००
3.	श्री शिशु सदन आवि	आइसिटि	६५००००
4.	श्री भैसही मावि	विज्ञान प्रयोगसाला	६५००००
5.	मलावरदेवी मावि	पुस्तकालय	६५००००
	जम्मा		३२५००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**निशुल्क पाठयपुस्तक र छात्रवृति** क) विधालय छात्रवृति - पालिकाले पालिका भित्र रहेका विधालयहरुलाई छात्रवृति अनुदानको वितरण गर्दा विधालयबाट विधार्थीको संख्या माग गर्ने र imeis को विवरणबाट तुल्नागरी जुन कम हुन्छ त्यसको आधारमा अनुदान वितरण गर्ने र घट्टी भए थप अनुदान दिनुपर्नेमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार नमुना छनौटको रुपमा परिक्षण गर्दा निम्न विधालयहरुमा विधार्थी संख्या भन्दा बढी निकासा भएको देखिन्छ ।	७,२७९

सि.नं.	विद्यालयको नाम	निकासा रकम	वितरणको भरपाई	बढी निकासा	कैफियत
1.	ज्ञानोदया आवि	६६८००	६४०००	२८००	दाखिला भएको
2.	शिशुसदन आवि	६७२००	६५२००	२०००	दाखिला भएको
जम्मा		१३४०००	१२९२००	४८००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ख) विधालय पाठ्यपुस्तक - पालिकाले पालिका भित्र रहेका विधालयहरुलाई पाठ्यपुस्तकको अनुदान वितरण गर्दा अनुदान रकम बराबरको पाठ्यपुस्तक खरिदको सकल बिल र खरिद गरिएको पुस्तकको वितरणको भरपाई सुरक्षित साथ राख्नु पर्दछ । तर पालिकाले उपलब्ध गराएको विवरण अनुसार शिव शक्ति आधारभुत विधालयलाई पाठ्यपुस्तक निकासा रु ५१९८२ भएकोमा पाठ्यपुस्तक खरिद बिल रकम रु ४४७०३ देखिन्छ । नपुग पाठ्यपुस्तकको बिल रकम रु ७२७९ को प्रमाण पेश गर्नुपर्ने वा असुल हुनुपर्ने रु	
१५			**कानून निर्माण र कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ३ वटा नियमावली, १७ कार्यविधि लगायत ३९ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। तसर्थ आवस्यक कानूनहरु निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष थप भएको गरी कुल १०८ विवाद दर्ता भएकोमा ९७ वटा मात्र मेलमिलापबाट फछ्र्यौट भएको र ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१७			**सम्पतिको अभिलेख** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन।यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
१८			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आयव्ययको विवरण असार १० गते प्रस्तुत भई असार १० गते पारित भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था भएकोमा साउन १७ गते मात्र अख्तियारी प्रदान गरेको पाइयो । तसर्थ कानुनले तोकेको समयमा अख्तियारी प्रदान गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**बजेट सिमा निर्धारण समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
२०			**बजेट तथा कार्यक्रम तर्जुमा** बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्र.स.</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्चको प्रतिशत</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>९०९७५०००.००</td><td>५७६३३२५८.००</td><td>६३.३५</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>२६०६८३८३१.५०</td><td>१९४८४५४८३.५०</td><td>७४.७३</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२३१६८४२६०.००</td><td>१९२५४१८२८.००</td><td>८३.११</td></tr>
<tr><td>४</td><td>वातावरण तथा विकास</td><td>१५०००००.००</td><td>४४००००.००</td><td>२९.३३</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>८८५००००.००</td><td>७२८६२१७.००</td><td>८२.३४</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>७८५७३०००.००</td><td>५५६०१३९१.२२</td><td>७०.७६</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ८३.११ प्रतिशत र सबै भन्दा घटी वातावरण तथा विकास क्षेत्रमा २९.३३ प्रतिशत बजेट विनियोजन गरेको देखिन्छ ।
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>
अभिलेख प्रोफाइल
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम कतिपयको प्रोफाइल तयार गरेको तथा कतिपयको तयार गरिएको तर व्यवस्थित तरिकाले नरहेकोले सबैको प्रोफाइल तयार गरी व्यवस्थित तरिकाले राख्नु पर्ने देखिन्छ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**चौमासिक खर्च विवरण** आर्थिक कार्यविधि तथा वितियउत्तरदायित्व नियमावली को नियम ३५ बमोजिम स्वीकृत भएको अनुसुची २ बमोजिकको ढाचामा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
चालु खर्चतर्फ	२६६७५१५००.७२	६७७५१०३२.२२	५९५१७२५२	१३९४८३२१६.५	७३६५३५७६.५
पूँजिगत खर्चतर्फ	२४१५९६६७७.	४३६३९२५२.	८०८१३५४७.	११७१४३८७८.	७६५७४५३९.
जम्मा	५०८३४८१७७.५	१११३९०२८४.२२	१४०३३०७९९.	२५६६२७०९४.५	१५०२२८११५.५
प्रतिशत	१००	२१.९	२७.६	५०.४८	२९.६

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्चतर्फ वार्षिक रू. २४ करोड १५ लाख ९६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रू. ४ करोड ३६ लाख ३९ हजार अर्थात १८ प्रतिशत, दोश्रो चौमासिकमा रू. ८ करोड ८ लाख १३ हजार, अर्थात ३३ प्रतिशत र तेश्रो चौमासिकमा रू. ११ करोड ७१ लाख ४३ हजार मात्र अर्थात ४८ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र रू. ७ करोड ६५ लाख ७४ हजार अर्थात ३१ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४			**कोभिड १९ आम्दनी र खर्च** कोभिड १९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा कार्यालयले पेश गरेको विवरण अनुसार निम्न बमोजिम आर्थिक वर्षको मसान्त सम्म आम्दानी रु. ४५,००,०००।- प्राप्त गरी रु. ४५,४०,४३५।- खर्च गरेकोमा आम्दनी भन्दा खर्च बढी देखिन्छ । यसरी पालिकाले आम्दनी भन्दा बढी देखिएको प्रष्ट पार्नुपर्ने रु	४०,४३५

बजेट/आम्दानीको स्रोत	२०७८ असार मसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७८ असार मसान्तसम्म खर्च रकम
संघीय सञ्चित कोषबाट	१०००००	राहात वितरण	
प्रदेश सञ्चित कोषबाट		क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	१२३६६४०
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	३५००००	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	१२२८६४
		५ बेड अस्पताल समेत	
संघीय कोभिड कोषबाट		जनशक्ति परिचालन	८९३८६०
प्रदेश कोभिड कोषबाट		औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	१९२१०८
अन्य स्रोतबाट प्राप्त	२००००००	स्वास्थ्य पूर्वाधार निर्माण	
		अन्य शीर्षकमा भएको खर्च	२०९४१११
जम्मा	४५०००००	जम्मा	४५४०४३५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**विशेष परिस्थिति खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले औषधी खरिद गर्दा खरिद कार्यको पूर्वतयारी र आवश्यकता पहिचान गरी मात्र खरिद कार्य गर्नुपर्नेमा यस आ.व.मा पालिकाले खरिद कार्यको पूर्वतयारी र आवश्यकता पहिचान नगरी पालिकाले औषधी, कीट तथा स्वास्थ्य उपकरणहरु विभिन्न मितिमा गरी ३ पटक सोझै खरिद गरी खर्च गरेको रकम रु १,९२,१०८ देखिन्छ । कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन । ऐनमा भएको व्यवस्था कार्यान्वयनमा ध्यान दिनुपर्छ ।	
२६			**जोखिम भत्ता** पालिका भित्र कोभिड १९ माहामारीमा प्रत्यक्ष संलगन रहेका स्वास्थ्य क्षेत्रका कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप १० जना स्वास्थ्य कर्मिहरुलाई जोखिम भत्ता उपलब्ध गराई रु २,६१,२१० खर्च लेखेको पालिकाले जनाएको छ । जोखिम भत्ताको सम्बन्धमा नेपाल सरकारले जारी गरेको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ बमोजिम पहिलो पंतिमा काम गर्ने कर्मचारीलाई ७५ प्रतिशत र दोस्रो पंतिमा काम गर्ने कर्मचारीलाई ५० प्रतिशत जोखिम भत्ता उपलब्ध गराउन सक्ने व्यवस्था भएकोमा पालिकाले यसको पालना गरे नगरेको बारे यकिन गर्न सकिएन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>
क्वारेन्टीन र होल्डिङ सेन्टर
पालिकाबाट सञ्चालित एकमात्र अस्थायि क्वारेन्टिन र होल्डिङ सेन्टरको रुपमा हरैया मा वि २०७८ अषाढ मसान्तसम्मको लागि संचालनमा रहेको पाइन्छ । संचालित क्वारेन्टीन र आईसोलेशनको क्षमता र खर्च सम्बन्धि विवरण निम्न बमोजिम रहेको छ ।
<table>
<tr><th rowspan="2">यस निकायले तयार वा सञ्चालन गरेको क्वारेन्टिन/होल्डिङ सेन्टरको नाम</th><th rowspan="2">निर्माण खर्च</th><th rowspan="2">बेड संख्या</th><th colspan="2">क्वारेन्टिनमा बस्नेहरुको संख्या</th><th rowspan="2">सञ्चालन ब्यबस्थापन प्रयोजनको खर्च</th></tr>
<tr><th>दैनिकरुपमा बसेको अधिकतम संख्या</th><th>आषाढ मसान्त सम्म क्वारेन्टिनमा बसेकाहरुको कुल संख्या</th></tr>
<tr><td>हरैया मा बि क्वारेन्टायन</td><td>५ लाख</td><td>२००</td><td>५०</td><td>५००</td><td>७२४९९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>
भेरिएशन सम्बन्धमा
सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ तथा नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको चरणमा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गरी स्विकृत गर्नेपर्ने व्यवस्था रहेको छ । पालिकाबाट सञ्चालित अधिकांश योजनाहरुमा भेरिएशन आदेश जारी गरी स्विकृत गरेको तथा ऐन नियममा भएको व्यवस्था बमोजिम खरिद सम्झौता तथा लागत अनुमान तयार गर्दा पूर्व अनुमान गर्न नसकिने काममा मात्र नभएर थप काम गर्नको लागि भेरिएशनद्धारा काम गर्ने परिपाटिलाइ नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>ठेक्का नं</th><th>योजनाको नाम</th><th>शुरु लागत अनुमान</th><th>भेरिएशन पश्चात लागत अनुमान</th><th>शुरु कबोल अंक</th><th>भेरिएशन पश्चात कबोल अंक</th><th>भेरिएशन रकम</th><th>भेरिएशन प्रतिशत</th></tr>
<tr><td>२१। ०७६।</td><td>प्रगतिपथदेखि कोटोहवा सडक कालोपत्रे</td><td>१०६२६९००</td><td>११९०४८५६</td><td>७९३२४१९</td><td>८३८४१३१</td><td>४५१७११</td><td>५.६९</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
			७७								
			१९। ०७६। ७७	लुसा बजारदेखि रातोडांडा कालोपत्रे	९५६२५७६	९८०१८८३	७०९२६४०	७४९६३३३	४०३६९३	५.६९	
			८।०७६। ७७	चौरीदेखि मलवार्डदेबि सडक कालोपत्रे	११०८०२८६	१२२०६५८२	७३५८०५२	८०५१५५०	६१३७१४	९.५१	
			१३। ०७६। ७७	सुनगाभाचोकदेखि दियो सडक कालोपत्रे	११८६६४९९	१२७७४३२८	८५८८०३८	९१९७०३५	६०८९९७	७.०९	
			जम्मा						२०७८११५		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**रितपूर्वकको बिजक पेश नभएको** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले गजेडी स्वास्थ्य चौकि निर्माण गर्ने कालिगणडकी निर्माण सेवा रुपन्देहीलाई देहाय अनुसार भुक्तानि दिएकोमा मू अ कर बिजक नियमानुसार रितपूर्वकको जारी नगरी बिजक नं हातले लेखेको आधारमा मु.अ.कर रु.१०१९८११।०० समेत रु.८८६४५२५।०० निर्माण भुक्तानि गरेको छ । तसर्थ निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. गो भौ नं र मिति / भुक्तानि रकम / मू अ कर रकम / कैफियत: १००।२०७७।९।२१ / ४४७९२४१ / ५१५३१० / बिजक नं हातले लेखेको १५५।२०७७।१२।३ / ४३८५२८४ / ५०४५०१ / बिजक नं हातले लेखेको जम्मा / ८८६४५२५ / १०१९८११ /	१,०१९,८११
३०			**गाउँपालिकाको प्रशासनिक भवन** कञ्चन गाउँपालकाको प्रशासनिक भवन निर्माण गर्न शुरु लागत अनुमान रु ६३७१६५०३।०० भए अनुसार ठेक्का नं ४।०७५।७६ रहेको कामको लागि छनौट भएको मुनलाईट सिभिल सिर्जनशिल जे भि कबोल गरेको रु ५०३७०००५।०० भई निर्माण कामको भेरिएशन पश्चात लागत अनुमान रु ८२९३३३६८।०० भए अनुसार भेरिएशन पश्चात कबोल अंक रु ६५२११०९५।०० कायम भइ रु १४८४१०९०।०० अर्थात शुरु सम्झौता रकमको २९.५९ प्रतिशत बढी भइ भेरिएशन भएको देखियो । सो निर्माण काम गर्नको लागि मिति २०७८।२।११ सम्म सम्पन्न गर्ने गरी मिति २०७६।२।१२ मा सम्झौता गरेकोमा यस वर्ष आठौंदेखि दशौं रनिङ्ग बिल वापत रु १९३५५५६७।०० भुक्तानि भइ हालसम्म कुल रु ५४२२४९५७।०० भुक्तानी भएको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन । (१) सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको चरणमा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गरी स्विकृत गर्नेपर्ने र सोहि ऐनको दफा ५४ को उपदफा (च) सार्वजनिक निकायको हकमा १५ प्रतिशत भन्दा बढीको भेरिएशन सो निकायको सर्वोच्च कार्यकारी निकायले स्विकृत गर्नुपर्ने व्यवस्था रहेको छ । भेरिएशन सम्बन्धमा बिशेषज्ञ समितिको प्रतिबेदन पेश भएकोमा सो प्रतिबेन पेश मिति र समितिका पदाधिकारीको नाम उल्लेख नगरी दस्तखत मात्र उल्लेख भएको र मिति २०७७।१।१० गते बिभिन्न	१४,८४१,०९०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			७ वटा आइटमहरुको दररेट बार्ताबाट तय गरेको प्रतिबेन पेश भएको भएतापनि बिशेषज्ञ समिति गठन भएको निर्णय सो समितिको बैठक बसेको माइन्यूट पेश भएन । साथै सो समितिले प्रशासनिक भवनमा आवाश्यक पर्ने कम्पाउण्ड वाल क्यान्टिन समाबेश नभएको र कोठा नपुग हुने कारण एक तला थप गर्नुपर्ने कारण उल्लेख गरे अनुसार गाउँपालिकाका अध्यक्षबाट मिति २०७७।१।१६ गते भेरिएशन आदेश स्विकृत गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन तथा नियममा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको चरणमा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गरी स्विकृत गर्न सकिने प्रावधान बिपरित थप निर्माण कामको लागि भेरिएशन आदेश जारी तथा स्विकृत गरी काम गराएको तथा १५ प्रतिशत भन्दा २९.५९ प्रतिशत बढी भेरिएशन भएकोमा सर्वोच्च निकायबाट भेरिएशन स्विकृत हुनुपर्नेमा गाउँपालिकाको अध्यक्षबाट स्विकृत गरेको नियमसम्मत पाइएन । यसरी नयाँ थप काम पुन प्रतिस्पर्धा गराइ गराउनुपर्नेमा शुरु कबोल अंक रु ५०३७०००५।०० भएकोमा रु १४८४१०९०।०० अर्थात शुरु सम्झौता रकमको २९.५९ प्रतिशत बढी भइ नयाँ कबोल अंक रु ६५२११०९५।०० पुगेको नियममा भएको प्रावधान बिपरित भेरिएशन गरेको नियमसम्मत नभएको रु...... (२) लेखापरीक्षण अवधि मिति २०७८।१०।१ सम्म निर्माण काम सम्पन्न भइ अन्तिम रनिङ्ग बिल भुक्तानि भइ सकेको अवस्था भएतापनि भेरिएशनबाट थप भएका कामहरुमध्ये गाउँपालिकाको प्रशासनिक भवनको प्रवेशद्धार र सो प्रवेशद्धारसँगै जोडिएको कम्पाउण्डवाल पूरा नगरी अधुरो रहेको पाइएको हुदाँ पालिकाले ति बाँकि रहेका तथा भवनको छतमा वर्षातको समयमा पानि निकास गर्नुपर्ने कामहरु निर्माण व्यवसायीलाई गर्न लगाउनुपर्ने देखिन्छ । (३) गाउँपालिका र निर्माण व्यवसायीबिच भएको सम्क्षौताको जि सि सि को दफा ५७ बमोजिम निर्माण कार्यको ३० प्रतिशत काम सम्पन्न भए पछि रनिङ्ग बिलको ४० प्रतिशतका दरले कट्टा गर्न शुरु गरी ८० प्रतिशत कार्य सम्पन्न भइ भुक्तानी हुदाँसम्म निर्माण व्यवसायीलाइ दिएको सम्पूर्ण पेश्कि रकम कट्टा गरिसक्नुपर्ने प्रावधान रहेकोमा निर्माण व्यवसायीलाई रु ८५००००००।०० पेश्कि दिएकोमा देहायमा उल्लेख गरिए अनुसार पेश्कि कट्टा गर्नुपर्नेमा सम्झौता बमोजिम पेश्कि कट्टा नगरिएको कारण निर्माण व्यवसायीलाई सो रकम बराबरले थप आर्थिक सुबिधा पुगेकोले सम्झौता तथा नियममा व्यवस्था भए बमोजिम पालिकाले पेश्कि कट्टा गर्नुपर्दछ । यसरी निर्माण व्यवसायीको चौथो रनिङ्ग बिलबाट पेश्कि कट्टा गर्न शुरु गरी आठौं रनिङ्ग बिलसम्ममा पेश्कि कट्टा गरिसक्नु पर्नेमा कट्टा गरेको देखिएन ।	

रनिङ्ग बिल र मिति	रनिङ्ग बिल रकम	सम्झौता अनुसार ४० प्रतिशत कट्टा हुनुपर्ने पेश्कि	कट्टा भएको पेश्कि रकम	सम्झौता अनुसार कम कट्टा भएको रकम
प्रथम।२०७६।५।२०	६६४६५६३	०	०	०

क्रम	भौचर नम्बर	भौचर मिति	विषय					बेरुजु रकम
			दोस्रो।२०७६।७।१८	४६५४९००	०	०	०	
			तेश्रो।२०७६।८।२४	४३४९६०७	०	०	०	
			चौथो।२०७६।९।२३	४११६२११	१६४६०००	८५००००	७९६०००	
			पाँचौ।२०७६।११।१२	५५२८७१०	२२११०००	१००००००	१२११०००	
			छैठौं।२०७७।१।२२	३३८९८८३	१३५६०००	५०००००	८५६०००	
			सातौं।२०७७।३।३१	६१८३५१६	२४७३०००	७०००००	१७७३०००	
			आठौं।२०७७।५।२१	४१३९४०५	८१४०००	००	१६५६०००	
			नबौं।२०७७।७।१२	८३५७९४७	०	५०००००		
			दशौं।२०७७।९।८	६८५८२१५	०	४००००००		

(४) गाउँपालिकाको प्रशासनिक भवन निर्माण पालिकाको नाउँमा जग्गाधनि लालपूर्जा नभएको र सो जग्गा बुटबल उपमहानगरपालिकाका कृष्णमान श्रेष्ठको छोरा मुकेश श्रेष्टबाट जग्गा उपलब्ध गराउने सहमति गरेको जानकारी प्राप्त भएकोमा सो सहमति लेखापरीक्षणमा पेश हुन आएन । गाउापालिकाले ठूलो रकम लगानि गरेको भवन पालिकाको आफ्नै नाउँमा नभएको जग्गामा निर्माण गरेको कारण भविष्यमा आइपर्ने कानूनि लगायतका समस्याहरु आइपर्न सक्ने हुदाँ पालिकाले यस तर्फ समयमै उचित ध्यान दिनुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१			**पिपिरीचपाचोकदेखि वडा नं ५ सडक** पिपरीचापादेखि कञ्चन वडा नं ५ मा चेनेज नं २०१ मिटर देखि १३५१ मिटरसम्म ११५० मिटर कालोपत्रे गर्न ठेक्का नं१६।०७६।७७ को बोलपत्रको माध्यमबाट मिति २०७७।९।३० (म्याद थप समेत) सम्म सम्पन्न गर्ने गरी रु ५३९२१५९।०० मा युनिक कन्स्ट्रक्सन रुपन्देहीसँग मिति २०७७।२।२० मा सम्झौता भएकोमा यस वर्ष चेनेज नं ० देखि ११६३ मीटर कालोपत्रेको काम मिति २०७७।८।२५ मा सम्पन्न भई यस वर्ष रु ४०४९२२४।०० भुक्तानि भएकोमा गत वर्षको समेत रु ५१७८०४९।०० भुक्तानि भएको पाइयो । लागत अनुमानमा चेनेज नं २०१ मिटरदेखि १३५१ मीटर कालोपत्रे गर्नुपर्ने रहेकोमा निर्माण व्यवसायीले चेनेज नं ० देखि ११६३ मीटरसम्म कालोपत्रे गरेको नापी किताबबाट देखिएकोले चेनेज नं ० देखि २०१ मीटरसम्म निर्माण काम गर्नुको कारण स्पष्ट भएन तथा निर्माण व्यवसायीले लागत अनुमान तथा सम्झौतामा तोकिएको स्थानमा काम गर्नुपर्नेमा सो भन्दा फरक स्थानमा काम गरेको कारण स्पष्ट नभएकोले सो स्थानमा भएको कामको सम्बन्धमा यकिन गर्न सकिएन । मिति २०७८।१०।२ मा पालिकाको प्राबिधिक समेतको टोलिबाट स्थलगत निरीक्षण गर्दा मुख्य गरी सो सडकको २ स्थानमा सडक भाँसिएको र भाँसिएको स्थानमा माटोले पुरिएको पाइएकोले सो सडक निर्माण व्यवसायीलाई मर्मत गराउनुपर्दछ । यसरी पालिकाबाट उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुबाट निर्माण गरिएको पूर्वाधारहरु सम्झौता तथा नियमानुसार तोकिएको गुणस्तरयुक्त भए नभएको पालिकाबाट अनुगमन तथा निरीक्षण गरी समस्या भएका निर्माण कामहरु समयमै मर्मत संभार गराउन उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाइ लगाउनु पर्दछ ।	
३२			**समयावधि र कार्यतालिका** **समयावधि र कार्यतालिका-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नुपर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धि कागजात तथा निर्माण व्यवसायी सँग भएको सम्झौतामा एक मुष्ठ कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरी कार्यतालिका पेश गराएको देखिन्छ । तर पेश भएको कार्यतालिका अनुसार प्रगति भए नभएको नियमित अनुगमन मुल्याङ्कन गरी कार्यतालिका अनुसार काम गर्ने गराउने तर्फ यथोचित प्रयास भएको नदेखिएकोले कार्यालयले तदारुकताको साथ अगाडि बढाउनुपर्ने देखिन्छ । जसले गर्दा लागत र समयलाइ निर्धारित सिमा भित्र राख्न नसक्ने अवस्था श्रृजना हुने अवस्था रहन्छ ।तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधि उल्लेख गरी लागत अनुमान तयार गर्नु गराउनु र पेश गरेको अनुसारको कार्यतालिकामा उल्लेखित समयमै काम सम्पन्न गर्न गराउन ध्यान जान जरुरी छ । पालिकाबाट ठेक्का व्यवस्थापन भएका अधिकांश ठेक्काहरुले निर्माण काम सम्पन्न गर्ने समयावधिको साथमा कार्यतालिका पेश गरेकोमा सोही कार्यतालिका बमोजिम निर्माण काम सम्पन्न गरेको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**खरिद सम्झौताको अन्त्य** **खरिद सम्झौताको अन्त्यः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि खरिद नियमावलीको नियम १२८ अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पनन जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा ६३ अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहीहरु गर्ने व्यवस्थाहरु छन।तर कार्यालयले अधुरा ठेक्काहरुका हकमा यी कारवाहीहरु गर्नु पर्नेमा सो कानुनी जिम्मेवारी पुरा नगरेको कारण ठेक्का सम्पन्न गर्ने अवधी लम्बिन गई ठेक्काको कामबाट प्राप्त हुनु पर्ने सेवा प्राप्त हुन नसकेको अवस्था उत्पन्न भएकोले अधुरा ठेक्काहरुलाई नियमानुसार कारवाही गरि ठेक्का सम्झौता र खरिद ऐनको कार्यान्वयन हुनुपर्दछ । प्रगति माध्यमिक बिद्यालय निर्माण गर्न ठेक्का नं६।०७७।७८ बाट रु ९९९८६८६।०० को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट मिति २०७८।२।३१ सम्म सम्पन्न गर्ने गरी रु ५९७०८४१।०० मा गर्नेगरी लक्कि बिल्डर्स रुपन्देहीसँग मिति २०७७।१२।१० मा सम्झौता भए अनुसार यस वर्ष प्रथम र दोश्रो रनिङ्ग बिलसम्म रु ३४९७७४३।०० निर्माण व्यवसायीलाइ भुक्तानि दिएकोमा निर्माण व्यवसायीले तोकिएको समयमा निर्माण काम सम्पन्न गरेको पाइएन । तोकिएको समयमा निर्माण काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाइ पूर्व निर्धारित क्षतिपूर्ति लगाइ नियमानुसार कारवाहि गरी निर्माण काम सम्पन्न गराउनुपर्दछ ।	
३४			**लुसा बजार रातोडाँडा सडक कालोपत्रे** लुसा बजारदेखि रातोडांडा सडक कालोपत्रे गर्न ठेक्का नं १९।०७६।७७ को बोलपत्रको माध्यमबाट मिति २०७७।३।१५ सम्म सम्पन्न गर्ने गरी रु ७०९२७००।०० मा ए आर एम कन्स्ट्रक्सन रुपन्देहीसँग मिति २०७७।२।३० मा सम्झौता भइ यस वर्ष निर्माण काम सम्पन्न गरी भेरिएशन समेत रु ७४३४६७८।०० भुक्तानि भएकोमध्ये पि एस आइटमको बिमा वापत रु २५६२८।०० निर्माण व्यवसायीलाई भुक्तानी भएकोमा निर्माण व्यवसायीले बिमा प्रिमियम तिरेको बिजक रु २०५७२।०० को बिजक पेश गरेकोले रु ५०५६।०० बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.......	५,०५६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५			**सुनगाभादेखि दियो सडक** सुनगाभादेखि दियो सडकमा चेनेज नं ६०१ मिटर देखि २२८२ मिटरसम्म १६८० मिटर कालोपत्रे गर्न ठेक्का नं १३।०७६।७७ को बोलपत्रको माध्यमबाट रु ८५८८०३८।०० मा ए आर एम कन्स्ट्रक्सनसँग मिति २०७७।२।२६ मा सम्झौता भएकोमा यस वर्ष चेनेज नं ० देखि १७७० मीटर कालोपत्रेको काम मिति २०७७।१२।३० मा सम्पन्न गरी भेरिएशन समेत रु ८८०७५९४।०० भुक्तानि भुक्तानि भएको पाइयो । लागत अनुमानमा चेनेज नं ६०१ मिटरदेखि २२८२ मीटर कालोपत्रे गर्नुपर्ने रहेकोमा निर्माण व्यवसायीले चेनेज नं ० देखि १७७० मीटरसम्म कालोपत्रे गरेको नापी किताबबाट देखिएकोले चेनेज नं ० देखि ६०१ मीटरसम्म गरेको निर्माण कामका सम्बन्धमा पालिकाले यकिन गरी सम्बन्धितबाट असुल उपर गराउनुपर्ने हो वा के कति कारणले लागत अनुमानमा तोकिएको भन्दा फरक स्थानमा काम गरेको हुनाले काममा दोहोरोपना भएन भन्न सकिने आधार भएन ।	
३६			**मू अ कर कट्टा नभएको** मूल्य अभिबृद्धि कर नियमावली २०५३ (२०७८ जेठ १५ को बजेट भाषण अनुसारको संशोधन) को नियम ६ (ग) मा ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत (२०७८ जेठ १५ अघि) तथा ३० (२०७८ जेठ १५ पछि) सम्बन्धित राजश्व शिर्षकमा र वाँकि रकम सम्बन्धित फर्म लाई भुक्तानि दिनुपर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिमको उपभोक्ता समितिहरु लाई निर्माण कार्य गराएको ति उपभोक्ता समितिले आपूर्तिकर्ताहरुबाट सामान खरिद तथा सेवा आपुर्ति गर्दा नियमावलीमा व्यवस्था भए अनुसार मू अ कर कट्टा गरि राजश्व दाखिला नगरेकोले पालिकाले नियममा व्यवस्था भए बमोजिम मूल्य अभिबृद्धि कर कट्टा गरी राजश्व दाखिला गर्नु गराउनु पर्दछ ।	

उपभोक्ता समितिको नाम	बिबरण	रकम	मू अ कर रकम	कट्टा हुनुपर्ने मू अ कर रकम
वडा नं ३ राजेशको घरदेखि लाहुरेको घरसम्म सडक ग्राभेल	बिभिन्न सप्लायर्स ५ बिजक	५२४६९१	६०३६२	३०१८१
शिशुसदन आधारभूत विद्यालय भवन निर्माण	निगम कन्स्ट्रक्सन गुल्मी	१४४७९४१	१६६५७७	४९९७३
जेष्ट नागरिक विश्रामस्थल निर्माण	बिभिन्न सप्लायर्स ९ बिजक	७८७११३	९०५५२	४५२७६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			हरैया मा बि पुस्तकालय भवन निर्माण	बिभिन्न सप्लायर्स १९ बिजक	१५७०५२८	१८०६८०	९०३४०	
			हरैया मल्टिपल क्याम्पस भौतिक सुधार	बिभिन्न सप्लायर्स ७ बिजक	११२३१०१	१२९२०६	६४६०३	
			मोडर्न भिजन चोकदेखि गोलकोटचोकसम्म कालोपत्रे	निगम कन्स्ट्रक्सन गुल्मी	१८३७४९३	२११३९३	६३४१७	
			फायरलाइनबाट दुर्गा थापाको घरसमेम कालोपत्रे	बिभिन्न सप्लायर्स १६ बिजक	२२४९८२३	२५८८२९	७७६४८	
			शिवालयचोकदेखि शान्तिभूमि बजार कालोपत्रे	बिभिन्न सप्लायर्स १० बिजक	१४९५६४०	१७२०६४	५१६१९	
			मन्दिरडाँडादेखि नागरिक सचेतनाचोकसम्म कालोपत्रे	बिभिन्न सप्लायर्स १० बिजक	१३७२१७३	१५७८६०	४७३५८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**प्रगति मा बि** (१) प्रगति माध्यमिक बिद्यालय निर्माण गर्न ठेक्का नं६।०७७।७८ बाट रु ९९९८६८६।०० को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट मिति २०७८।२।३१ सम्म सम्पन्न गर्ने गरी रु ५९७०८४१।०० मा गर्नेगरी लक्कि बिल्डर्स रुपन्देहीसँग मिति २०७७।१२।१० मा सम्झौता भए अनुसार यस वर्ष प्रथम र दोश्रो रनिङ्ग बिलसम्म रु ३४९७७४३।०० निर्माण व्यवसायीलाइ भुक्तानि पाइयो । बिद्यालयको तला थप शौचालय निर्माण तथा सेफ्टि ट्यांक निर्माण लगायतको काम गर्नको लागि बिद्यालय निर्माणको लागि प्रतिस्पर्धा गराउदाँ बचत रकम रु ३७८७४४३।०० गाउँपालिकाबाट थप बजेट रु २०००००।०० र उपभोक्ता समितिले व्यहोर्ने रु ४४३०४९।०० गरी जम्मा रु ४४३०४९२।०० लागत अनुमान तयार गरी मिति २०७८।२।२१ मा सम्झौता भएकोमा मिति २०७८।३।२५ सम्म काम सम्पन्न गरिसक्नुपर्नेमा काम सम्पन्न गर्न नसकिएको व्यहोरा उल्लेख गरी प्रगति माध्यमिक बिद्यालयको मिति २०७८।३।३० को पत्र अनुसार पालिकाले गो भौ नं५२।२०७८।३।३० बाट रु ६२४३९०१।०० निकासा दिएको पाइयो । यसरी लागत अनुमान तथा सम्झौता अनुसार रु ३९८७४४३।०० मात्र निकासा दिन मिल्नेमा रु २२५६४५८।०० बढी निकासा दिएको रकम फिर्ता प्राप्त गरी संघिय सञ्चित कोषमा पठाउनु पर्ने रु.... (२) प्रगति माध्यमिक बिद्यालयको तला थप शौचालय निर्माण तथा सेफ्टि ट्यांक निर्माण लगायतको काम गर्नको लागि प्रतिस्पर्धा गराउदाँ बचत रकम रु ३७८७४४३।०० गाउँपालिकाबाट थप बजेट रु २०००००।०० र उपभोक्ता समितिले व्यहोर्ने रु ४४३०४९।०० गरी जम्मा रु ४४३०४९२।०० लागत अनुमान तयार गरी मिति २०७८।२।२१ मा सम्झौता भएकोमा मिति २०७८।३।२५ सम्म काम सम्पन्न गरिसक्नुपर्नेमा काम सम्पन्न गर्न नसकिएको व्यहोरा उल्लेख गरी प्रगति माध्यमिक बिद्यालयको मिति २०७८।३।३० को पत्र अनुसार पालिकाले गो भौ नं५२।२०७८।३।३० बाट रु ६२४३९०१।०० निकासा दिएकोमध्ये रु २२५६४५८।०० फिर्ता प्राप्त हुनुपर्ने र बाँकि रु ४४३०४९२।०० बराबरको निर्माण सम्पन्न गरी कार्यसम्पन्न प्रतिबेदन लगायतका बिल भरपाइ पेश हुनुपर्ने रु...	६,२४३,९०१
३८			**उपभोक्ता समिति** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न योजनाहरु उपभोक्ताबाट गराइ भुक्तानी गरेकोमा नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा देहाय अनुसार उपभोक्ताहरु दर्ता भएको पाइएन । यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । यस सम्बन्धि देखिएका व्यहोराहरु निम्नानुसार छन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(nested table below)	

सि नं	उपभोक्ताको नाम र काम	मूल्यांकन रकम	पालिकाले व्यहोरेको रकम	उपभोक्ताले व्यहोरेको रकम
१	शिवालयचोकदेखि शान्तिभूमि बजार कालोपत्रे	२६१८५१०	२००००००	६१८५१०
२	मोडर्नभिजन चोकदेखि गोलकोटचोकसम्म कालोपत्रे	१९३५४९३	१३३१७२७	६०३७६६
३	फायरलाइनबाट दुर्गा थापाको घरहुदैं पिपिरीचपा सडक कालोपत्रे	२७९६७२६	१९१९८०२	८७६९२४
४	मन्दिरडाँडादेखि नगरिक सचेतनासम्म कालोपत्रे	१२६९७६३	१०५८७०४	२११०५९
५	वडा नं ५ कल्भर्ट तथा सडक निर्माण	६९१७१३	५६८३५५	१२३३५८
६	वडा नं ३ राजेशको घरदेखि लाहुरेको घरसम्म ग्राभेल	१०२७९६९	९२९२८४	९८६८५
७	हरैया मल्टिपल क्याम्पस भौतिक सुधार	१११७६७६	१००००००	११७६७६
८	हरैया मा बि पुस्तकालय भवन निर्माण	२०८४८९४	१८९००००	१९४८९४
९	जेष्ट विश्रामस्थल तथा राम मन्दिर निर्माण	११९५७५०	१०७००००	१९५७५०
१०	शिशुसदन आधारभूत बिद्यालय भवन निर्माण	१५१११५८	१३७३१४०	१३८०१८
११	ननौलि जाने बाटोदेखि माधवको घरजाने सडक कालोपत्रे	१५५६७७६	१२००००००	३५६७७६

(१) पालिकाबाट यस वर्ष सडक तथा कुलो नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(२) पालिकाले यो बर्ष विभिन्न योजनाहरु उपभोक्ताबाट निर्माण गराइ भुक्तानी गरेकोमा त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । (३) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट गराउँदा सो योजना सञ्चालन हुने स्थानका लाभग्राहि समुदायबाटको आम भेला गराई सो भेलाबाट उपभोक्ता समिति गठन गर्नुपर्ने प्रावधान रहेकोमा माथि उल्लेखित योजनाहरुको उपभोक्ता समितिहरु गठन गर्दा पेश भएको माइन्यूटमा ठेगाना र सम्पर्क फोन नंम्बर एवम केही योजनाहरुमा जनप्रतिनिधिहरुको उपस्थिति समेत उल्लेख नगरेको कारण उपभोक्ता समिति गठनको प्रकृया कानूनमा तोकेको प्रावधान बमोजिम रहेको पाइएन । (४) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ को उपनियम ७ मा उपभोक्ता समितिहरुले गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र आफूले गरेका काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण समेत गराउनुपर्नेमा माथि उल्लेखित उपभोक्ताहरुले नियममा व्यवस्था भए बमोजिमको खर्चको सूचना टाँस गरेको तथा सार्वजनिक परीक्षण गराएको पाईएन । तसर्थ यसमा पालिकाले सुधार गर्नुपर्ने देखिन्छ । (५) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा उपभोक्ता समितिले निर्माण काम सम्पन्न भए पश्चात निर्माण कामको अनुगमन निरीक्षण तथा योजना हस्तान्त्रण एवम सम्पन्न योजनाहरुको उपभोक्ता समितिहरुले अभिलेख राख्नुपर्ने व्यवस्था रहेको पालिकाबाट सञ्चालित योजनाहरुको निर्माण सम्पन्न पश्चात नियममा व्यवस्था भए अनुसार पालिकाबाट केहि योजनाहरुको अनुगमन निरिक्षण नभएको अनुगमन भएको योजनाहरुमध्ये केहि योजनाको प्रतिबेदनमा संयोजक तथा अन्य पदाधिकारी दस्तखन नभएको अनुगमन प्रतिबेदनमा अनुगमनबाट देखिएका व्यहोराहरु उल्लेख गरेको पाइएन । साथै ति योजनाहरु उपभोक्तालाइ हस्तान्त्रण नभएको तथा उपभोक्ताहरुले सम्पन्न योजनाहरुको अभिलेख राखेको नपाइएकोले यस सम्बन्धमा नियममा भएको व्यवस्था बमोजिम सुधार हुनुपर्दछ । (६) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । तसर्थ नियमावलिमा व्यवस्था भए अनुसार उपभोक्ता समितिबाट निर्माण काम गराउनुपर्दछ ।

(७) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन,औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले माथि तालिकामा उल्लेख गरिए अनुसारका आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट,सडक कालोपत्रे जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

(८) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १३ (क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरि त्यस्तो उपभोक्तालाई भविष्यमा कुनै पिन काम गर्न नदिने अभिलेख राखि सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट उपभोक्ता समितिलाइ निर्माण काम गर्नको लागि सम्झौता गरी दिइएकोमा नियममा व्यवस्था भए बमोजिमको अनुशरण नगरी उपभोक्ताले सब कन्ट्र्याक्टरबाट निर्माण व्यवसायीहरुबाट निर्माण काम गराएको भएतापनि पालिकाले त्यस्तो उपभोक्ता समितिसँगको सम्झौता रद्ध गरेको तथा कालोसूची राख्नको लागि लेखि पठाएको पाइएन । यस सम्बन्धि केहि उदाहरण देहाय बमोजिम रहेको छ ।

सि नं	उपभोक्ताको नाम र काम	भुक्तानि रकम	निर्माण व्यवसायीको नाम	भुक्तानि रकम
१	शिवालयचोकदेखि शान्तिभूमि बजार कालोपत्रे	२००००००	छत्रदेबि ट्रेडिङ्ग एण्ड सप्लायर्स कपिलबस्तु	६००००
२	फायरलाइनबाट दुर्गा थापाको घर हुदै पिपरीचपा सडक कालोपत्रे	१९१९८०२	छत्रदेबि ट्रेडिङ्ग एण्ड सप्लायर्स कपिलबस्तु	८००००
३	मोडर्न भिजनचोकदेखि गोलकोटचोकसम्म कालोपत्रे	१३३१७२७	निगम कन्स्ट्रक्सन एण्ड सप्लायर्स गुल्मि	१८३७४९३
४	शिशुसदन आधारभूत विद्यालय भवन निर्माण	१३७३१४०	निगम कन्स्ट्रक्सन एण्ड सप्लायर्स गुल्मि	१४४७९४१

(९) उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झोता गर्दा एक आर्थिक वर्ष भित्र समपन्न हुने गरी गर्नुपर्दछ । तर पालिका र वडा नं १ को मन्दिडाँडादेखि नागरिक सचेतनाचोकसम्म सडक कालोपत्रे गर्न उपभोक्ता समिति बीच रु.२४७०६७५।०० को कार्य गर्ने गरी सम्झौता भएकोमा यस वर्ष सबबेश बेश र ह्युम पाइपको मात्रा कार्य भई रु १२६९७६३।०० प्राबिधिक मूल्यांकन भई उपभोक्ता समितिलाइ रु १०५८७०४।०० भुक्तानि भएको पाइयो । सालबसालि रुपमा बजेट

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			विनियोजन हुने यस्ता योजनाहरूको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको पाइयो । सडक निर्माण गर्दा सजिलो काम बेशको काम मात्र गरी कालोपत्रेको काम अधुरो राख्दा सो बेश बर्षात तथा अन्य कारणले बिग्रन जाने कारण सोही बेशको आधारमा कालोपत्रे गर्न नमिल्ने हुदाँ कालोपत्रे गर्दा पुन बेश राख्नुपर्ने कारण पालिकालाइ थप आर्थिक व्ययभार पर्न जाने देखिन्छ । यस तर्प पालिकाले उचित ध्यान दिइ निर्माण काम अधुरो राख्ने तथा सबकन्ट्रयाक्टबाट काम गराउने उपभोक्ता समितिहरुलाइ नियमानुसार कारवाहि गर्नु गराउनु पर्दछ ।	
३९			**शिवालयचोकदेखि शान्तिभूमी सडक कालोपत्रे** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको प्राबिधिक मूल्यांकन सहित खर्चको बिल भरपाइहरु उपभोक्ता समितिको बैठकबाट अनुमोदन गरी भुक्तानीको लागि पेश गर्नेपर्ने व्यवस्था रहेको छ । वडा नं ५ को फायरलाइनबाट दुर्गा थापाको घर हुदै पिपिरीचपा सडक कालोपत्रे उपभोक्ता समितिले निर्माण काम गरी प्राबिधिक मूल्यांकन रु २७९६७२६।०० भएकोमा उपभोक्ता समितिले रु २९८४०१।०० बराबरले कम रकम रु २४९८३२५।०० को मात्र बिल भरपाइ पेश गरी मिति २०७७।१०।२८ मा उपभोक्ता समितिको बैठकबाट खर्च अनुमोदन गरेको देखिएकोले उपभोक्ताले पेश गरेको बिल भरपाइ भन्दा बढी मूल्यांकन भएको सम्बन्धमा पालिकाले यकिन गरी बढी भुक्तानि हुन गएको रु २९८४०१।०० मा उपभोक्ताको योगदान रु ५९६८०।०० कट्टा गरी बाँकि रकम रु २३८७२१।०० उपभोक्ताबाट असुल हुनुपर्ने रु....	२३८,७२१
४०			**शिवालयचोकदेखि शान्तिभूमि सडक कालोपत्रे** शिवालयचोकदेखि शान्तिभूमि बजार सडकमा कालोपत्रे गर्न मिति २०७८।३।३० गते उपभोक्ता समितिलाइ रु २००००००।०० भुक्तानि दिएकोमध्ये बिमा वापत रु १००००।०० साइनबोर्ड वापत रु ३०००।०० गरी रु १३०००।०० दिएकोमा सो रकमको बिमा गरेको तथा रकम भुक्तानि गरेको बिल बिजक पेश नभएको तथा ५ वटा ह्युम पाइप खरिदमा रु ५६१५०।०० र जडानमा रु २२४६१।०० गरी जम्मा रु ७८६११।०० को प्राबिधिक मूल्यांकन भइ भुक्तानि भएकोमा उपभोक्ताले पेश गरेको बिल भरपाइ परीक्षण गर्दा ह्यूम पाइप खरिद गरेको बिल बिजक पेश नभएको हुदाँ उपभोक्ताको योगदान रु १५७२२।०० कट्टा गरी रु ६२८८९।०० भुक्तानि दिन नमिल्नेमा भुक्तानि भएकोले उपभोक्ता समितिबाट कुल रु ७५८८९।०० असुल हुनुपर्ने रु......	७५,८८९
४१			**उपभोक्ता समितिवाट कार्य**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१.१			निर्माण कार्यको गुणस्तर: उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १२ मा निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।	
४१.२			आयकर ऐन, २०५८ को दफा ८८(५) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा दश प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिसँगकाम गर्ने गरी सम्झौता गरेकोमा उपभोक्ता समितिले पेश गरेको विल भरपाई विश्लेषण गर्दा निर्माण कार्यको लागि आवश्यक सामग्री विक्रि गर्ने सप्लायर्सहरुको लाखौं रकमको विल राखेकोमा मूल्य अभिबृद्धि कर विजक नभएको तथा एउटै योजनामा लाखौंको सामान बिक्रि गर्दा सप्लायर्सले विल टुक्रयाई रु. २० हजार मुनिको विल पेश गरेको छ । त्यस्तै, उपभोक्ता समितिसँगभएको सम्झौता अनुसार रु. २०,०००।– भन्दा बढी खरिदको मू.अ.कर विजक पेश हुनुपर्दछ सो विपरित सप्लायर्सको विल टुक्र्याई पेश गरेको देखिन्छ । प्राविधिक मूल्यांकन अनुसार बरावरको कार्य सम्पन्न तयार गरी उपभोक्ता समितिलाई भुक्तानी दिएको विल भरपाई विश्लेषण गर्दा निर्माण कार्यको लागि आवश्यक सामाग्रीको भुक्तानी मूल्य अभिबृद्धि कर विजक वेगर रु. २० हजार भन्दा कमको विल पेश गरेको छ । उपभोक्तालाइ निर्माण सामग्रीमा लागत अनुमान तयार गर्दा मुल्य अभिबृद्धि कर दिइएको भएता पनि विलहरु टुक्रा टुक्रा पारि २० हजार भन्दा कमको पेश गरेकोले नियमानुसार सप्लायर्सको विलबाट भुक्तानी भएकोमा १.५ प्रतिशत मात्र कर कट्टा गरेको देखिएकोले एकिन गरि नपुग कर असूल हुनुपर्ने रु	२५९,५१६

गौ न मिति	कामको विवरण	सप्लायर्सको नाम	विल रकम	नपुग कर रकम
२४-३।२०	बौद्ध गुम्वा भौतिकनिर्माण	दुर्गा दुवानी सेवा	१४०३००	१८९४०
१९-३।२०	राधाकृष्ण मन्दिरपरिसरमा शान्ति आमा समुह भवन	पाल्पाली सप्लायर्सएण्ड निर्माण सेवा	९३५००	७२२२
३६१-३।२८	न्यू सृजनसिल आमा समुह	कन्चन वुद्धकन्स्ट्रक्सन प्रा लि	२४३९५०	३२९३३

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०२-२।१७</td><td>तानसेन पथ ग्राभेल</td><td>न्यू पौडेल ढुवानीसेवा</td><td>४४९९३०</td><td>६०७४०</td></tr>
<tr><td>३०-७।६</td><td>वडा नं १ देखि ५सम्मका विभिन्न सडक मर्मत</td><td>प्रवेश सप्लायर्स</td><td>४५११८०</td><td>६०९०९</td></tr>
<tr><td>३६६-३।२९</td><td>बाटो मर्मत</td><td>एम वि काउचाकन्स्ट्रक्सन प्रा लि</td><td>२७४८००</td><td>३७०९८</td></tr>
<tr><td>२१६-३।२</td><td>कालिका मन्दिर निर्माण</td><td>आर के इन्टरलक विरिक</td><td>१७८२००</td><td>२३२४७</td></tr>
<tr><td>१७१-१।२</td><td>इभरग्रीन स्कुलदेखिक्याम्पसको जग्गा सम्म वाटो ग्राभेल</td><td>समिर सप्लायर्स</td><td>१३६५००</td><td>१८४२७</td></tr>
<tr><td>२१५-३।२</td><td>लौसा वजारदेखि देवापार जाने वाटो ग्राभेल</td><td>दाजुभाई ट्रेड एण्डसप्लायर्स</td><td>३८४०००</td><td>५१८४०</td></tr>
</table>
कार्यालयले योजनाहरुको मुल्यांकन तथा भुक्तानी गर्दा मुल्य अभिवृद्धि कर विजक पेश गरेमा मात्र भुक्तानी दिने परिपाटी गर्नुपर्दछ । अन्य योजनाको हकमा कार्यालयले एकिन गरि कर कट्टी गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>सम्झौता बमोजिमको कार्य
संघीय सशर्तबाट प्रगति नमुना माध्यमिक विधालयलाई शैक्षिक तथा व्यवस्थापिय योजना कार्यन्वयन अनुदान स्वरुप आ.व. २०७७।७८ को लागि रु ५०००००० विनियोजन भएको देखिन्छ । सम्झौता अनुरुप विधालयले मिति २०७८।०३।२० सम्ममा कार्य सम्पन गर्नुपर्नेमा पालिकाबाट मिति २०७८।०३। २५ मात्र निकासा भएको देखिन्छ । आ.व.२०७७।७८ को अन्तिम लेखापरीक्षणको क्रममा परीक्षण गर्दा विधालयले मिति २०७८ पौष मसान्तसम्म पनि कार्य सम्पन्न नगरेको पाईयो । प्रयोगशाला बनाउने र व्यवस्थापन गर्ने काम लगाएतका कार्य हुदै गरेको विधालयले जनाएको छ । यस सम्बन्धमा पालिकाले सम्झौता बमोजिम समयमा कार्य सम्पादन गर्ने गराउने तर्फ ध्यान जान आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>स्वास्थ्य कार्यक्रम
कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रम असार मसान्तमा गरेको र प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४			**शिर्षक फरकपारी खर्च** पालिकाले कुनै पनि कार्यक्रमको भुक्तानी दिदां सम्बन्धित शिर्षकबाट मात्र खर्च लेखिनु पर्ने व्यवस्था छ । तर पालिकाले आधारभुत तथा आकस्मिक सेवाका लागि औषधी गर्नुपर्ने शिर्षकबाट कोभिडबाट खर्च गर्न मिल्ने पिपिई लगायतका सामग्री खरिद गरी समुन्द्र मेडिको फर्मालाई रु ९७,५९२ खर्च लेखेको छ । यसरी फरक शिर्षकबाट खर्च लेख्न नमिल्ने रु	९७,५९२
४५			**नगद पोषाक खर्च** पालिकाले कुनै पनि कार्यक्रम संचालनको गर्दा कार्यक्रमका लागि हुने खर्च वितरणलाई बैंक मार्फत भुक्तानी गर्नुपर्नेमा पालिकाले ५९ जना महिला स्वंम सेविकालाई पोसाक वापतको १०००० का दरले रु ५९०००० ।- नगद वितरण गरेको छ । पालिकाले यसतो कार्यमा नियन्त्रण गरी यसता कार्यलाई बैंक मार्फत गर्नमा जोड दिनु पर्दछ ।	
४६			**स्वास्थ्य करार** पालिकाले दरबन्दी अनुसारको पदपूर्ती गरी स्वास्थ्य सेवालाई निरन्तरता दिनु पर्दछ । तर पालिकाले स्वास्थ्य तर्फ ८ जना स्वास्थ्य कर्मी मासिक जनही रु १६००० का दरले र ४ जना का.स. मासिक जनही रु १२००० का दरले करार सम्झौता गरी सेवा दिएको देखिन्छ ।यस सन्दर्भमा पालिकाले करार कर्मचारीको सट्टा दरबन्दी अनुसारको स्थायी पदपूर्ती गरी कार्य सुचारु गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
४७			**स्वास्थ्य तलबि प्रतिवेदन** निजामती सेवा ऐन, २०४९ अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका कर्मचारीहरुको यस बर्ष रु १५,२७,३२७ ।- तलब खर्च लेखेको छ ।यसरी तलबि प्रतिवेदन पारित नगरी खर्च लेखिएकोले ग्रेड यकिन गर्न सकिएन । तसर्थ तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
४८			**औषधि खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर पालिकाले पटक पटक गरी उक्त प्रक्रिया वेगर रु. ८१४९२३ ।- का औषधि सोझै खरिद गरेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			**आन्तरिक आय व्यवस्थापन**	
४९.१			कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले राजस्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।	
४९.२			आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय÷व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ८५०८०००।–प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.७५३७१४१ अर्थात अनुमान भन्दा ११.४१ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
४९.३			मनोरञ्जन कर :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकीन गरी असुल गर्नु पर्दछ ।	
५०			**करार तथा सफ्टवेयर**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०.१			सफ्टवेयर खरिद -नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी अनलाइन योजना व्यवस्थापन सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. २२६०००।–खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।	
५०.२			कर्मचारी करार– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ८१ जना कर्मचारीहरू करारमा राखी रू. ८१४४७६२ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक कम्प्युटर सहायक, अमिन तथा सामाजिक परिचालक करार नियुक्ति गरी वर्षभरीमा रू. ९३०९३० भुक्तानी गरेको अनियमित देखिएको रू.	९३०,९३०
५१			**कर्मचारी पारिश्रमिक**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१.१</td><td></td><td></td><td>ग्रेड वढीः निजामती सेवा ऐन, २०४९ को दफा ७ख २ वमोजिम तलवी प्रतिवेदन पारित गरि तलब खर्च लेख्नु पर्दछ । पालिकामा कार्यरत निम्न कर्मचारीको पारित तलबी प्रतिवेदनभन्दा वढी ग्रेड भुक्तानी भएकोले असुल गर्नुपर्ने रु
<table>
<tr><th>क्र स</th><th>कर्मचारीको नाम</th><th>पाउनुपर्ने ग्रेड</th><th>पाएको ग्रेड</th><th>बढी</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>राम प्रसाद अधिकारी</td><td>७</td><td>८</td><td>१</td><td>१३४४२</td></tr>
<tr><td>२</td><td>नेत्र प्रसाद अधिकारी</td><td>७</td><td>९</td><td>२</td><td>२६८८४</td></tr>
<tr><td>३</td><td>भास्कर घिमिरे</td><td>७</td><td>८</td><td>१</td><td>१३४४२</td></tr>
</table></td><td>५३,७६८</td></tr>
<tr><td>५१.२</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले यो बर्ष रु ११४४७७५ प्रोत्साहन तथा फिल्ड भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>अनुगमन खर्च
अनुगमन तथा अन्य भत्ता स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण कार्य उपाध्यक्षको संयोजकत्वमा गठित समितिबाट हुने व्यवस्था छ । समितिमा रहने पदाधिकारी सम्बन्धमा कार्यालयले कार्यविधि तयार गरी सोही अनुसार अनुगमन गरी भत्ता खर्च लेख्नु पर्दछ ।पालिकाको क्षेत्रभित्र संचालित कार्यक्रमहरुको अनुगमन राजश्व परामर्श समितिको फरफारक समिति लगायतका बैडक तथा अनुगमन गरेको भनि कार्यालयले स्थानीय निकायका पदाधिकारी सदस्य तथा कर्मचारीहरुलाइ अनुगमन तथा अन्य भत्ता भुक्तानी गरेको छ ।पालिकाले आफ्नो कार्य क्षेत्रभित्र संचालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्य क्षेत्रभित्र पर्दछ ।नियमित कार्यको अनुगमन गरेको भनि अनुगमन भत्ता लिनु नियमसम्मत नदेखिएकोले अनुगमन भत्ता तथा समितिको बैठक खर्च नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५३			**अनुदान** क्याम्पसलाई अनुदान– शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक बिद्यालय तहसम्म तलव तथा अन्य बिद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । सो विपरित योजना परिवर्तन गरी तथा अन्य शिर्षकबाट हरैया वहुमुखि क्याम्पसलाइ रु १०००००० अनुदान दिएको छ । भर्ना, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसले बिश्वबिद्यालयबाट अनुदान तथा प्रदेश सरकारवाट समेत अनुदान पाउने गरेकोमा गाउँपालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्सलाई अनुदान दिएको नियमसम्मत नदेखिएको रु.	१,०००,०००
५४			**कर्चमारी मिलान** कार्यालयमा रहेका विभिन्न शाखाहरुमा कर्मचारीहरुको आवश्यकताका आधारमा आवश्यक कर्मचारीहरु उपलब्धता गराउनु पर्दछ । तर कार्यलयभित्र रहेका आयूर्वेद शाखामा २ जना का.स. रहेको पाइयो । एउटा शाखामा २ जना का.स. आवश्यकता हो होइन त्यसको यकिन गरी आवश्यकताका आधारमा कर्मचारीको मिलान गर्नुपर्दछ ।	
५५			**आन्तरिक लेखापरिक्षण** आन्तरिक लेखापरीक्षण : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनबाट औंल्याइएको विषयहरुको आधारमा आवश्यक सुधार गर्नु स्थानीय तहको कर्तव्य हुने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आ.ले.प. प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(3) मा आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण समिति गठन नगरेको तथा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गराएको छैन । ऐनको प्रावधान कार्यान्वयन गरी आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु फछ्र्यौट गर्नुपर्ने देखिएको रु.	११७,९५८

गौ न मिति	विवरण	व्यक्ति	रकम
63-077/6/13	फिल्डअनुगमन प्रतिवेदन पेश गर्नुपर्ने	वृष वहादुर पुलामी	९०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			117-077/7/4	फिल्डअनुगमन प्रतिवेदन पेश गर्नुपर्ने	वृष वहादुरपुलामी	१०३५०	
			245-077/9/8	एकै दिनधेरै पटक फिल्ड भत्ता असुल गर्नुपर्ने	वृष वहादुरपुलामी	२०४८०	
			50-077/6/9	पारिश्रमिक कर असुल गर्नुपर्ने	विरवहादुर वलम्ले	७५००	
			499-12/26	पारिश्रमिककर असुल गर्नुपर्ने	राम प्रअधिकारी	११८५०	
			783-078/3/23	बैठककोमाईन्युटको निर्णय विना बैठक असुल गर्नुपर्ने	श्यामनारायण शर्मा	२०००	
					कुलप्रसादपौडेल	१५००	
					राम प्रसादगौतम	१५००	
			813-078/3/27	भरपाइ विना बैठक भत्ता असुल	पुरनपरियार	२०००	
					एलिनाघिमिरे	१०००	
			15-078/3/28	वेमौसमी तरकारि खेती अनुगमनमा वढी भुक्तानी	राम प्रसादअधिकारी	५०००	
			253-03/17	हर्नाचौर देखि टेकचन्द्रको घर हुदैँ वलरामको घरसम्म बाटो विस्तार उस-कार्यसम्पन्न भन्दा वढी भुक्तानी		३०४४	
			254-03/27	मुन्द्रेटोल वाटो उ स-कार्यसम्पन्न भन्दा वढी भुक्तानी		५३३३	
			280-03/21	शिशु सदन स्कुल देखि कभड हल जाने बाटो निर्माण उ स-कार्यसम्पन्न भन्दा वढी भुक्तानी		२१५०	
			341-03/30	विभिन्न सडक मर्मत उ स-कार्यसम्पन्न भन्दा वढी भुक्तानी		४४१५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			३६०-०३।२८ | मन्दिर डाँडादेखि नागरिक सचेतना चोकसम्म सडक कालोपत्रे का स भन्दा वढी भुक्तानी | | ३०८३६	
५६			**सामाजिक सुरक्षा** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।तर पालिकाले कार्यविधिमा उल्लेख भएको कुरा पालना गरेको नपाईएकोले कार्यविधि पालनामा ध्यान दिनुपर्छ । लाभग्राहिहरु संख्या अध्यावधिक गर्नु पर्नेमा ध्यान दिनुपर्दछ ।	
५७		२०७८-१०-२७	**लाभग्राहीहरुको लगत अध्यावधिक** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । कार्यक्रम सञ्चालन कार्यविधिमा भएको व्यवस्था गाउँपालिकाले पालनामा ध्यान दिनुपर्दछ ।	
५८			अनुगमन तथा सम्परीक्षण **अनुगमन तथा सम्परीक्षण**–स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । (रु हजारमा)	

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)
८५१००	0	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>अद्यावधिक वेरुजु
अद्यावधिक वेरुजु -यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ
(रु हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>८५१००</td><td>०</td><td>२८२८९</td><td>०</td><td>११३३८९</td></tr>
</table>
</td><td></td></tr>
</table>